भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ, दैलेख

कर्णाली प्रदेश, नेपाल

प.सं.: २०७५/०७६ (प्रशासन शाखा)
च.नं.: २८४

ढुङ्गा, गिट्टि, वालुवा ठेक्का बन्दोवस्त सम्बन्धी सूचना
(दोश्रो पटक प्रकाशित मिति : २०७५/०७/१२ गते)

भगवतीमाई गाउँपालिका, पगनाथ दैलेखले आर्थिक वर्ष २०७५/०७६ को लागि निम्न लिखित शर्तको अधिनमा रहि ढुङ्गा, गिट्टि, वालुवा बिक्रि सम्बन्धि ठेक्का दिईने भएकोले ईच्छुक फर्महरुले देहायको शर्त बमोजिम शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ ।

तपसिल :

१) यो सूचना दोश्रो पटक प्रकाशित भएको मिति देखि १५ औं दिनसम्म बोलपत्र फाराम यस कार्यालयमा सम्वन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखानम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ.व. २०७४/०७५ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र, उत्पादक फर्म वाकम्पनीलाई प्राप्त Authorization Letter को प्रमाणित प्रतिलिपि नियमानुसार को तपसिलमा उल्लेख बोलपत्र दस्तुर (पछि फिर्ता नहुने गरी) निवेदन साथ पेश गरेपछी नियमानुसार बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ ।

२) बोलपत्र खरिद वा दर्ता गर्ने फर्महरुले निर्माणस्थल र कामको सम्वन्धमा राम्ररी बुझि बोलपत्र भरेको मानिनेछ ।

३) खरिद गरिएका बोलपत्र फारमको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी दोश्रो पटक सूचना प्रकाशन भएको मितिदेखि १६ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्र दर्ता गराउन सकिने छ ।

४) बोलपत्र फारम साथ जमानत वापतको रकम रु १३७५०।- यस गाँउपालिका कार्यालयको नाममा प्रभु बैंक, भगवतीमाई शाखामा रहेको धरौटी खाता हि.नं. १७७००२०१०९३२८८०००००४ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको राजस्व शाखामा दाखिला गरेको नगदी रसिद वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा ७५ दिन म्याद भएको (बोलपत्र बुझाउने अन्तिम मितिदेखि) नेपाल सरकारको मान्यताप्राप्त बैंकबाट जारी भएको बिडबण्ड संलग्न गर्नु पर्नेछ । यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा बिडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ ।

५) दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारामहरु यस कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहबरमा १६ औं दिनको १२:०० बजे खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६) प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएका बोलपत्रउपर कुनै कारवाही गरिने छैन । बोलपत्रमा प्रत्येक आईटम दररेट भ्याट बाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

७) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन् ।

८) बोलपत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको वेबसाइट तथा सूचना पाटीमा टाँस गरिनेछ ।

९) अन्य कार्यविधिहरु स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४, सार्वजनिक खरिद ऐन २०६३ (संशोधित), तथा सार्वजनिक खरिद नियमावली २०६४(संशोधित), अनुसार हुनेछ ।

१०) बोलपत्र सम्बन्धि थप जानकारीका लागि यस गाँउपालिका कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

११) ठेक्का बन्दोबस्तिको लागि फर्म छनौट भैसकेपश्चात कवोल अंक रकम एकमुष्ट रुपमा अग्रिम जम्मा गर्नुपर्ने छ । यस बापत जम्मा कबुल अंकको ५ प्रतिशत रकम छुट दिईने छ ।

ठेक्का नं.	शिर्षक	न्युनतम ठेक्का अंक रु	टेण्डर दस्तुर रु	कैफियत
२.	लोहोरे खोलाको बैतडी खोलादेखि उत्तर (भगवतीमाई गा.पा.वडा नं.७ बडाभैरव तर्फको खण्ड) तथा कट्टी खोलाको सम्पूर्ण क्षेत्र ।	५५००००।-	१०००।-	

खरिद ईकाई